# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**हामी बोलेर मात्र होइन पुर्‍याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक १०० | बुटवल | २०८२ चैत २६ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday April 09, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## लुम्बिनीका कुन जिल्लामा कति भैंसी ? : साढे सात लाखमा दुधालु सवा २ लाख मात्र

**झण्डै साढे ५ लाख अनुत्पादक भैंसीमध्ये आधा संख्याको वंश/नश्ल सुधार गर्नसके वार्षिक २५ अर्ब रुपैयाँ बराबरको दूध उत्पादन बढाउन सकिने र २ लाख जना बढीलाई रोजगारी सिर्जना गर्न सकिने पशु विज्ञहरुले औंल्याएका छन्।**



**टिआर शर्मा**

*बुटवल*

लुम्बिनी प्रदेशका किसानका गोठमा साढे सात लाख बढी भैंसी रहे पनि सवा दुई लाख भैंसी मात्र दुधालु रहेको पाइएको छ। प्रदेशको कृषि मन्त्रालयअन्तर्गत पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयको आर्थिक वर्ष २०८१/०८२ को तथ्यांकअनुसार प्रदेशमा ७ लाख ५७ हजार दुई सय भैंसी छन्। तर यी मध्ये २ लाख १६ हजार ७९२ वटा भैंसी मात्र दुधालु रहेका छन्।

अनुत्पादक भैंसीको संख्या ५ लाख ४५ हजार १८४ (७२ प्रतिशत) र उत्पादक भैंसीको संख्या २८ प्रतिशत मात्र रहेको तथ्यांकले भैंसी पालनमा किसानहरुको ठूलो लगानी भए पनि उत्पादन र आयआर्जन अति न्यून भइरहेको देखाउँछ। दूध उत्पादन कम हुनुको मुख्य कारण भैंसीका प्रजातिको गुणस्तर नहुनु अर्थात् वंश र नश्ल सुधार नहुनु प्रमुख कारण भएको पशु विज्ञहरुले औंल्याएका छन्।

प्रदेशको कूल भैंसी संख्यामध्ये तराईका ६ जिल्लामा ६२ प्रतिशत र एक हिमालीसहित पहाडका ६ जिल्लामा ३८ प्रतिशत रहेको छ।

तराईका जिल्लामा दुधालु भैंसीको संख्या एक लाख ३३ हजार ६६० र पहाडका जिल्लामा दुधालु भैंसीको संख्या ८३ हजार १३२ रहेको निर्देशनालयका वरिष्ठ पशु चिकित्सक लोकराज भुसालले जानकारी दिए।

सबैभन्दा दुधालु भैंसीमा मुर्रा जातको मानिन्छ। तर उन्नत जातको मुर्रा भैंसीको संख्या प्रदेशमा न्यून रहेको छ।

जिल्लागतरुपमा सबैभन्दा धेरै रुपन्देहीमा एक लाख ७ हजार १९१ वटा (१४ प्रतिशत ) र सबैभन्दा कम रुकुम पूर्वमा ९ हजार ८२० (१ प्रतिशत) भैंसी छन्।

दोस्रो धेरै भैंसी भएका जिल्ला कपिलवस्तुमा एक लाख एक हजार ७३२ (१३ प्रतिशत) छन्। बाँकेमा ८४ हजार ७०१, अर्घाखाँचीमा ८३ हजार ६७६, बर्दियामा ७६ हजार ९८२, दाङमा ६८ हजार २६१, गुल्मीमा ६४ हजार ३१७, पाल्पामा ५१ हजार २७१, प्यूठानमा ४९ हजार ३४८, पश्चिम नवलपरासीमा ३२ हजार ८०७ र रोल्पामा २७ हजार ४ वटा भैंसी रहेका भुसालले जानकारी दिए।

लुम्बिनी प्रदेशमावार्षिक ३ लाख ५५ हजार ५५६ मेट्रिक टन भैंसीको दूध उत्पादन हुने गरेको छ। एउटा दुधालु भैंसीबाट दैनिक सरदर ४.६ लिटर (वार्षिक १४ सय लिटर ) दूध उत्पादन हुने गरेको छ। नेपाल विश्वव्यापी रूपमा भैंसी जनसंख्यामा चौथो र भैंसी दूध उत्पादनमा पाँचौं स्थानमा लुम्बिनी प्रदेशमा हालको अनुत्पादकमध्ये आधा भैंसीको वंश तथा नश्ल सुधार, भकारो सुधार, नियमित स्वास्थ्य चेकजाँच गर्नसके वार्षिक २५ अर्ब रुपैयाँ बराबरको थप दूध उत्पादन र २ लाख जना बढीलाई रोजगारी सिर्जना गर्न सकिने वरिष्ठ पशु चिकित्सक लोकराज भुसाल बताउँछन्।

लुम्बिनी प्रदेशमा भैंसीको वंश सुधार गरी उत्पादकत्व बढाउने विषयलाई प्रदेश सरकारले प्राथमिकतामा राखेर काम गरिरहेको र संघीय सरकारसँग १० करोड रुपैयाँ विशेष अनुदानको माग गरेको प्रदेश सरकारका कृषि मन्त्री दिनेश पन्थीले बताए। लुम्बिनी प्रदेशमा भैंसी विकासको उच्च सम्भावना रहेको र संरचित आनुवंशिक सुधार अपरिहार्य रहेको भन्दै उनले प्रदेशको खाद्य सुरक्षा र किसानको जीविकोपार्जनका लागि भैसीको श्रोतकेन्द्र स्थापना आवश्यक रहेको बताए।

भैंसीमा लाग्ने खोरेत रोग प्रमुख समस्या भएको र यसले ४० प्रतिशतसम्म दूध उत्पादनमा गिरावट आएकाले प्रदेशलाई खोरेत रोग मुक्त बनाउन प्रदेश सरकारले प्राथमिकतामा राखेर बजेट विनियोजन गरेको मन्त्री पन्थीले बताए।

लुम्बिनी प्रदेशमा भैंसीको वंश सुधार तथा उत्पादकत्व वृद्धिका लागि बुटवलमा आयोजित प्राविधिक कार्यशालामा पशु सेवा विभागका प्रमुख पशु विकास अधिकृत डा. हेमराज अवस्थी, डा. भूमिनन्दन देवकोटा, डा. श्रीराम न्यौपानेलगायतले कार्यपत्र प्रस्तुत गरेका थिए।

उनीहरुले दूध उत्पादन बढाउन वंश र नश्ल सुधार, भकारो सुधार संगै बाह्रै महिना घाँस उत्पादन र घाँस खेती विस्तार र बिउ आपूर्ति, साइलेज तथा पराल उपचार प्रविधि, सन्तुलित रासन र खनिज पूरक प्रवर्द्धनमा ध्यान दिन सुझाव दिएका छन्।

यस्तै भैंसीलाई नियमित खोप र परजीवी नियन्त्रण, घरदैलो पशु चिकित्सा सेवा, बाँझोपन निवारण, थुनेलो नियन्त्रण (निगरानी, एन्टिबायोटिक संवेदनशीलता परीक्षण, टिट डिपिङ), जिल्लास्तरमा प्रयोगशाला सुदृढीकरण र जलवायु-उत्थानशील प्रजननूलाई प्राथमिकता दिन विज्ञहरुले सुझाएका छन्। नेपालको कुल दूध उत्पादनमा भैंसीको योगदान ६३% छ। नेपाल विश्वव्यापी रूपमा भैंसी जनसंख्यामा चौथो र भैंसी दूध उत्पादनमा पाँचौं स्थानमा छ।

## देउवा दम्पतिविरुद्ध पक्राउ पुर्जी जारी, देउवाद्वारा खण्डन



बुटवल। पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र उनकी पत्नी एवम् पूर्वमन्त्री डा. आरजु राणा देउवाविरुद्ध पक्राउ पुर्जी जारी भएको छ।

गैरकानुनी सम्पत्ति आर्जनको अनुसन्धानको सिलसिलामा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले उनीहरुविरुद्ध जिल्ला अदालत काठमाडौंबाट पक्राउ पुर्जी लिएको हो।

अदालतले पक्राउ अनुमति दिइसकेको छ, तर उनीहरु नेपालमा छैनन्। २१ फागुनको चुनावअघि १३ फागुनमा उनीहरु स्वास्थ्य उपचार गराउन भन्दै देउवा सिंगापुर गएका थिए। उनीहरु त्यहाँबाट हङकङतर्फ लागेको समाचार पनि सार्वजनिक भएको थियो।

यसअघि जेनजी आन्दोलन हुँदा शेरबहादुर देउवा र उनकी पत्नी आरजुमाथि कुटपिट भएको थियो। बुढानीलकण्ठस्थित घरमा आगजनी समेत हुँदा जलेका पैसाका नोट भेटिएको विषय सार्वजनिक भएको थियो। त्यसपछि सम्पत्ति शुद्धीकरण विभागले देउवा निवासमा पुगेर मुचुल्का समेत उठाएको थियो। विभागले पत्राचारपछि अहिले यसको अनुसन्धान सीआइबीले अघि बढाएको छ।

यसैबिच सम्पत्ति शुद्धीकरण अनुसन्धानका लागि पक्राउ पुर्जी जारी भएपछि पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले वक्तव्य जारी गर्दै सम्पत्ति सम्बन्धि विषय भ्रामक भएको दाबी गरेका छन्। उनले आफ्नो सम्पत्तिको यथार्थ विवरण सार्वजनिक पदमा रहेको बेलामा सरकारी निकायमा पेश गरेको उल्लेख गरेका छन्।

उनले आफ्नो जीवन खुला पुस्तकको रुपमा रहेको उल्लेख गर्दै बास्तविकता समयक्रमसँगै खुल्दै जाने उल्लेख गरेका छन्। 'अतिरंजना गरी सार्वजिनक भएका विवरणहरुबाट भ्रममा नपर्न सबैमा अपिल गर्दछु।'- उनले भनेका छन्।

उनले सामाजिक सञ्जाल फेसबुकबाट सार्वजनिक गरेको वक्तव्य यस्तो छ :


*» बाँकी ३ पेजमा*


## पूर्वमन्त्री खड्काविरुद्ध भ्रष्टाचारको आरोपमा अनुसन्धान

बुटवल। नेपाली कांग्रेसका पूर्वमन्त्री दिपक खड्कामाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत भ्रष्टाचारको आरोपमा अनुसन्धान थालेको खुलेको छ।

खड्काको पक्राउविरुद्ध चलेको बन्दीप्रत्यक्षीकरणको मुद्दामा लिखित जवाफ पेश गर्दै सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागले अख्तियारले पनि खड्कामाथि अनुसन्धान गरिरहेको र त्यसक्रममा केही फाइलहरु खडा भएको विवरण पठाएको हो।

विनिता थापाले आफ्नो पतिलाई गैरकानूनी थुनामा राखेको दाबीसहित सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन दिएकी थिइन्। त्यही निवेदनको सुनुवाईपछि सर्वोच्च अदालतले अख्तियारबाट पनि फाइल मगाउनु भन्ने आदेश दिएको हो।

अख्तियारले निर्णयगत भ्रष्टाचार र गैरकानुनी सम्पत्ति आर्जनको अभियोगमा अनुसन्धान गर्छ। अख्तियारबाट खड्कामाथि गैरकानुनी सम्पत्तिआर्जनको उजुरीमाथि अनुसन्धान भइरहेको छ। अख्तियारबाट फाइल पेश नभएको भनी सर्वोच्च अदालतले शुक्रबार फाइलसहित उपस्थित हुनु भनी आदेश दिएको हो।

## पाल्पा अस्पतालमा अक्सिजन प्लान्ट सञ्चालन



पाल्पा । पाल्पा अस्पतालले आफ्नै अक्सिजन प्लान्ट सञ्चालनमा ल्याएको छ। प्लान्ट सञ्चालनमा आएसँगै जिल्लामा लामो समयदेखि अक्सिजन अभावको समस्या समाधान हुने देखिएको छ। पाल्पामा अक्सिजन प्लान्ट नहुँदा बुटवल भैरहवाबाट ल्याउनु पर्ने बाध्यता रहेको थियो । जिल्लामै अक्सिजन प्लान्ट सञ्चालन भएपछि अन्य अस्पताल तथा बिरामीहरुलाई सजिलो भएको छ।

प्लान्टको तानसेन नगरपालिकाकी उप-प्रमुख प्रतिक्षा गाहा सिंजालीले मेशिनको स्विच थिचेर सुचारु गरेकी हुन्। प्लान्ट सञ्चालनपछि पाल्पा अस्पतालमा भर्ना हुने बिरामी मात्र नभई लुम्बिनी मेडिकल कलेज, मिसन अस्पताल, रामपुर अस्पताल तथा जिल्लाका निजी मेडिकल र क्लिनिकहरूलाई समेत अक्सिजन सिलिण्डर आपूर्ति गर्न सहज हुने उप-प्रमुख सिंजालीले बताइन्।

पाल्पामा मासिक रूपमा ४ सयदेखि ५ सय संख्यामा अक्सिजन सिलिण्डर खपत हुने गरेको छ। अक्सिजन प्लान्टमै अक्सिजन सिलिण्डर सानो ३५० रुपैयाँ र ठुलो ६५० रुपैयाँसम्ममा खरिद बिक्री हुने गरेको छ। पाल्पामै अक्सिजन उत्पादन हुँदा अस्पतालहरुको ढुवानी खर्च र समयको बचत हुने भएको छ।

अक्सिजन प्लान्ट भएसँगै अस्पतालले नयाँ वर्षको दोस्रो हप्ताभित्रमा शल्यक्रिया सेवा सुरु गर्ने योजना बनाएको निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. राजेन्द्र पौडेलले जानकारी दिए। अक्सिजन प्लान्ट सञ्चालन पाल्पाका सबै अस्पताल तथा बिरामीको लागि सजिलो भएको डा. पौडेलले बताए । अक्सिजन प्लान्ट सञ्चालनले अस्पतालको ठुलो पूर्वाधार थपिएको अस्पतालका प्रशासन प्रमुख डोमराज अर्यालले बताए।

पाल्पा अस्पताललाई सुविधायुक्त, विश्वसनीय र भरपर्दो बनाउन अक्सिजन प्लान्ट महत्वपूर्ण रहेको पाल्पा अस्पताल विकास समितिका अध्यक्ष अजयमान कर्माचार्यले बताए । अक्सिजनको अभावमा कुनै पनि बिरामीले अकालमा ज्यान गुमाउनु नपरोस् भन्ने हाम्रो मुख्य उद्देश्य रहेको समितिका अध्यक्ष कर्माचार्यले उल्लेख गरे।

अक्सिजन प्लान्टलाई नियमित र व्यवस्थित रुपमा सञ्चालन गर्न दैनिक रुपमा बिहान ६ देखि १० बजेसम्म, दिउँसो ३ बजेदेखि आवश्यकताको आधारमा सञ्चालन गर्ने र दैनिक २० वटासम्म सिलिण्डर भर्ने गरी कार्यतालिका निर्माण गरेको अस्पतालले जनाएको छ।

कोभिडको समयमा लामो प्रयासबाट पाल्पा अस्पतालमा स्थापना भएको अक्सिजन प्लान्ट विगत १ वर्षदेखि बिग्रिदा जिल्लाका अस्पतालहरु अक्सिजनका लागि बुटवल वा अन्य शहरको भर पर्नुपर्ने बाध्यता थियो । अक्सिजन प्लान्टको विषय विशेषज्ञ, दक्ष प्राविधिकद्वारा मर्मत गरी सञ्चालनमा आएको हो।





Omoda Jaecoo
Butwal Bhairahawa

Butwal-10, Kalikanagar
Bhairahawa -8, Anchalpur

9857089606
9857089607
9812938565

## सम्पादकीय

# उपभोक्ताको भान्सामा विषादीयुक्त तरकारी

बुटवल कृषि उपज थोक बजार केन्द्रमा बिक्रीका लागि चितवनबाट ल्याइएको तरकारीमा अत्यधिक मात्रामा विषादी फेला परेपछि तरकारी नष्ट गरिएको छ । चितवनबाट ल्याइएको बोडीमा परीक्षण गर्दा अर्गानो फस्फेट समूहको विषादी ९७ प्रतिशतसम्म भेटिएको छ । केही समयअघि कावासोतीमा रायोको सागमा पनि परीक्षण गर्दा ९७ प्रतिशत विषादी भेटिएको थियो ।

परीक्षणपछि १५० किलोग्राम बोडीमध्ये १२० केजी बुटवल उप-महानगरपालिकासँग समन्वय गरी डम्पिङ साइडमा नष्ट गरिएको छ । बाँकी ३० केजी भने पहिले नै बिक्री भइसकेको थियो । विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइका अधिकारीहरुका अनुसार, नियमित परीक्षणका क्रममा बोडीमा अत्यधिक विषादी देखिएको हो । शून्यदेखि ३५ प्रतिशतसम्मको विषादी अवशेष उपभोग योग्य मानिन्छ भने ३५ देखि ४५ प्रतिशतसम्म पुगेमा केही दिन क्वारेन्टाइनमा राखेर पुनः परीक्षण गरिन्छ । तर ४५ प्रतिशतभन्दा माथि पुगेमा भने त्यस्ता तरकारीलाई अनिवार्य रूपमा नष्ट गरिन्छ । विशेष गरी 'अफ सिजन'मा उत्पादन गरिएका तरकारीमा बढी विषादी भेटिने गरेको छ । किसानले विषादी प्रयोग गरेपछि कुर्नुपर्ने 'वेटिङ पिरियड' पूरा नगरी बजारमा ल्याउँदा यस्तो समस्या देखिएको छ ।

विषादी परीक्षण यो एउटा नमूना भयो । दिनहुँ उपभोक्ताको भान्सामा विषादीयुक्त तरकारी पुगिरहेको अनुमान गर्न सकिन्छ । दिनहुँ उपभोक्ताको भान्सामा विषादी पुग्दा सरकारी निकायले नमूनाको रुपमा विषादी परीक्षण गर्नु झारा टार्ने काम हो । त्यसो त बुटवलमा विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला छ, यो प्रयोगशालाले नियमित विषादी परीक्षण गरेको भन्ने जानकारी बेलाबखत दिने गर्छ । तर यो प्रयोगशालालाई साधनस्रोत युक्त बनाएर परीक्षणमा कडाइ नगर्ने हो भने यो प्रयोगशालाको प्रभावकारीता हुँदैन् । बजारमा विषादीयुक्त तरकारी छ्याप्छ्याप्ती छ, तर नमूना परीक्षणले मात्रै बजारलाई नियन्त्रण गर्न सक्तैन् । विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइ बुटवलले थोक बजार केन्द्रको मात्रै परीक्षण गर्ने हो कि खुला रुपमा बजारमा बिक्री भइरहेको तरकारीको पनि हो ? बुटवलको बजारमा अहिले स्थानीय उत्पादन सिधैं उपभोक्ताको घरदैलोमा पुगेको छ । पाल्पाको मदनपोखराबाट सिधैं हाटबजार ल्याएर तरकारी बिक्री हुँदै आएको छ ।

किसानले खेतबारीमा विषादी मनपरी प्रयोग गर्दा क्यान्सरलगायतका रोगको जोखिममा नागरिक पर्न थालेका छन् । मनपरी विषादी प्रयोगले नागरिकको स्वास्थ्य जोखिममा पर्दा समेत सचेतनाको कार्यक्रम प्रभावकारी हुन सकेको छैन । सरकारी निकाय विषादीको प्रयोग न्यूनीकरण गर्न र सुरक्षा सतर्कता अपनाउन सचेत नगराउनु नागरिकको स्वास्थ्यप्रति खेलवाड गर्नु हो । प्रतिबन्ध भएका विषादीको आयात र बेचबिखन भए कारबाहीको दायरामा ल्याउनुपर्छ । तर सरकारी निकायबाट नियमन छैन । यसको दायित्व प्लान्ट क्वारेन्टिन तथा विषादी व्यवस्थापन केन्द्रको हो । केन्द्रकै अनुसार, आर्थिक वर्ष २०७४/०७५ मा ६ लाख ३५ हजार ७ सय २१ किलो विषादी आयात भएको थियो । अहिले विषादी दोब्बर आयात भएको छ ।

खेतबारीमा विषादी राख्नुको कारण हो –खेतबारीमा लाग्ने किरालाई मारेर उत्पादन बढाउनु । विषादीको प्रयोगले शत्रु जीव मात्रै मर्दैनन्, मित्र जीव पनि मर्ने भएकाले विषादीको प्रयोगमा न्यूनीकरण अत्यावश्यक छ । किसानले मनपरी विषादी प्रयोग गर्दा खेतबारीका शत्रु र मित्र जीव मात्रै मरेनन्, मान्छेको स्वास्थ्य नै जोखिममा पऱ्यो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले राजपत्रमा सूचना प्रकाशन गरेर हालै पाराक्वाटारपाराक्वाट डाइक्लोराइड, क्लोरोपाइरिफस र फोरेट नामक विषादी आयात बिक्रीमा प्रतिबन्ध लगाएको छ । यी विषादीको प्रयोगले किसानको स्वास्थ्य जोखिम बढाएकोले प्रतिबन्ध लगाएको हो । अन्य घातक विषादी आयात र नियन्त्रण गर्न ध्यान दिनुपर्छ ।

अति विषादी प्रयोग भएको तरकारीले तत्काल टाउको दुख्ने, बान्ता आउने, वाकवाकी आउने, हात काँप्ने, बेहोस हुनेलगायत समस्या देखिएका छन् । खतरनाक विषादीले दीर्घकालीन रूपमा क्यान्सर, लुलो-लङ्गडो हुने, गर्भ तुहिने, कलेजोको खराबीलगायत समस्या निम्त्याउने विज्ञहरु बताउँछन् ।

प्रतिबन्ध भएका विषादीको आयात गर्नेलाई कानुनी कारबाहीको दायरा जति विस्तार गर्न आवश्यक छ, प्रतिबन्ध नलगाइएका विषादीको प्रयोगमा खेलवाड नगर्न उत्तिकै सजग गराउन जरूरी छ ।

# सुशासनै सुशासनको कुराभित्रको छुरा !



झपेन्द्र जिसी

लहलहैमा जेनजी विद्रोह भयो। लहलहैमा चुनाव भयो। तपाईं मतदाताले ढिलै भए पनि अब भन्नुपर्नेछ-तिब्बती शरणार्थीलाई फिर्ता गर ! टिओबीधारी को हुन् ? लिम्पियाधुरा, लिपुलेक र कालापानीबारे बोल सरकार ! सरकारको दृष्टिकोण के हो ? अब मतदाताको बुझाइ के हो ? विदेशीहरु विशेषतः अमेरिका, इण्डिया सफल भए। मतदाता त्यसै मख्ख ।

२०८२ भाद्र २३ र २४ गते युवा पुस्ताले सडक प्रदर्शन खासगरी काठमाडौंमा गरे । स्मरणीय के छ भने केही सामाजिक सञ्जाल नेपाल सरकार समक्ष दर्ता नभई चलेको हुँदा दर्ता गरेर मात्र सामाजिक सञ्जाल सञ्चालन गर भन्ने, तत्कालीन नेपाल सरकारको मान्यता र भनाइ थियो । सुनियो यही । सरकारले सञ्जाल मात्र बन्द के गरेको थियो जेनजी पुस्ताले यसै विषयलाई लिएर सरकारले तोकेको ठाउँमा विरोधमा उत्रिए । जुलुस शान्तिपूर्ण नै रह्यो ।

तर त्यसै दिन टिओबी (टिवेटिएन ओरिजिन बल्ड) लेखिएको टिर्सट लगाएका भुसतिग्रेहरु जुलुसमा प्रवेश गरे, तोकिएको रेखा वा निषेधित क्षेत्रतर्फ लागे ।

निर्दोष जेनजीहरु भुसतिग्रेहरुको प्रवेश भो फर्क भनेका आवाजलाई भडकाउवादीले टेर्ने कुरै भएन ।

आयो आयो भन्दै निषेधित क्षेत्रतर्फ लगेको फुटेजबाट देखियो ।

जुलुस खेल्नेलाई पानी खुवाउने निहुँमा हालका गृहमन्त्री सुदन गुरुङ्गले जुलुसको नेतृत्व गरे ।

राष्ट्रिय सम्पदाहरुमाथि आगजनीका गतिविधि सुरु भए ।

विष्फोटक पदार्थ पड्किए । कताकताबाट फड्किए ? भित्रबाट वा बाहिरबाट वा सुरक्षाकर्मीबाट वा को बाट नेता त सुदन हो भन्छन्, सबैले । क्षति भयो जिउ ज्यान र सम्पदाको तत्कालीन प्रम र गृहमन्त्रीले राजीनामा दिएपछि झन् ठूलो क्षति भयो ।

सर्सर्ती हेर्दा के देखिन्छ भने यो विद्रोह गराउने योजना देशभित्रभन्दा पनि बाहिरै भएको देखिन्छ, कस्तो त भन्दा खेरि बंगलादेशमा जस्तै !

बुद्धिजीविहरुको दाबी छ- यो योजना बनाउने दिपस्टेट हो, अर्थात् (भूमिगत गिरोह) भनिन्छ ।

सर्सर्ती हेर्दा नेपालमा लोकतान्त्रिक पद्धतिबाट निर्वाचित राष्ट्रवादी, लोकतान्त्रिक र कम्युनिष्ट शक्तिको सरकारलाई सञ्चालन हुन नदिने । सारतः राष्ट्रवादी शक्तिले अमेरिकी निर्देशन, युरोपियन निर्देशन र भारतीय निर्देशनलाई अक्षशः पालना गरे टिक्न चल्न दिने नत्र यो वा त्यो विद्रोह गराएर सखाप पार्ने । यदि यसो गर्न नसके भेनेजुएलाका राष्ट्रपतिलाई अपहरण गरेर अमेरिका पुऱ्याएझैं सत्तापलट गरेर आफै शासक बन्न खोजेको धेरै उदाहरणहरुबाट देखिएका छन् । अमेरिकी राष्ट्रपति ट्रम्पले भेनेजुएलामा सत्तापलट गरेको त्यही त हो । यो चाहिं साम्राज्यवादको नाङ्गो नाच हो ।

नेपालमा ०४६ को परिवर्तनपछि धेरै आइ.एन.जिओहरु आए । आइ.एन.जी.ओहरु विकास र निर्माणका नाममा एनजिओमार्फत् काम गरे । एनजीओलाई अन्यथा मान्न सकिंदैन । कतिपय आइएनजिओहरुले आफ्नो मिसन पूरा गर्न थाले, जातीय र सामाजिक एकतामने सट्टा विखण्डनका तानावाना बुने । त्यो क्रम गणतन्त्र आएपछि पनि रोकिएको छैन ।

अहिले त झन् नेपालको विभिन्न ठाउँमा बसेका तिब्बती शरणार्थीहरु विशेषतः काठमाडौं उपत्यकाभित्र भाँडभैलो मच्याउँदै छन् । उनीहरुका नेता दलाई लामा भारतको हिमाञ्चलमा बसेर निर्देशित गर्दैछन् । टिओबी ड्रेसमा सजिएका तिनै शरणार्थी युवा हुन् । जसले भाद्र २३ र २४ गते नेपालीहरुलाई बध मात्र होइन गर्नु गराए हाम्रा जेनजीहरु परे मरे ।

त्यस्तै २०३०/२०३१ सालमा मुस्ताङ्ग हाम्रो भूमि हो भनेर त्यस क्षेत्रमा स्व राज्यकै माग उठाए । तर तिनीहरुको कमाण्डरलाई नेपाली सैनिकले दार्चुला र धार्चुलाको बीचमा पर्ने नेपालको टिङ्करमा इन्काउण्टरमा हत्या गरेपछि आन्दोलन साम्य भयो ।

यसरी नै अहिले त झन् ती शरणार्थीले काठमाडौं उपत्यका हाम्रो हो, हामीलाई स्वराज्य चाहियो भन्दैछन् ।

यो कसको इशारामा भइरहेका छन् ? स्पष्टै छ विदेशीको इशारामा । को विदेशी हुन् त ? यो पनि नेपाली जनताले जान्न बुझ्न जरुरी छ । समयमा नुबझे प्यालेस्टाइनीको हालत हुनेछ । एउटा कुनामा थन्कनु पर्नेछ । नेपालको अस्तित्व र अस्मिता गुम्नेछ ।

तत्कालीन एमाले कांग्रेसको सरकारले एसपीपी सन्धि गर्न अस्वीकार गऱ्यो । त्यसो त विकासको नाममा दलहरुले एमसीसी स्वीकार गरे । यो काम प्रचण्ड, माधव र नेकाको सरकार हुँदा भयो । व्याख्यानमालाको तुर्फ हानेर एमसीसी अमेरिकी विकास सहयोग हो भनेर वकालत गरे । अहिले एसपीपी गर्न अस्वीकार गर्दा अमेरिका चिडियो । एमसीसीअन्तर्गत एसपीपी सम्झौता भएपछि नेपालको जहाँ जहाँ एमसीसी एकाउन्ट विकास साझेदारी योजनाबाट कार्य सम्पादन गर्ने हो । त्यो क्षेत्रको सुरक्षा जिम्मा अमेरिकाको हुनु हो । अमेरिकाको सेनाहरु हातहतियारका साथ नेपालका ठाउँ-ठाउँमा कवाज खेल्न दिनु हो । ओली र देउवाले यसलाई अस्वीकार गरे । अर्कोतर्फ ओली प्रधानमन्त्री हुँदा नेपालको संसदले लिम्पियाधुरा, लिपुलेक र कालापानी समेटेर नक्सा पारित गऱ्यो । जसलाई चुच्चे नक्सा पारित गऱ्यो, जसलाई चुच्चे नक्सा भनिन्छ । यो नक्सा जडित नोट पनि नेपाल राष्ट्र बैंकले प्रकाशमा ल्यायो । जसका कारण भारत चिडियो तत्कालीन सरकारसित ।

राष्ट्रवादी त्यो सरकारलाई ढाल्नै पर्छ, फाल्नै पर्छ भन्ने स्वार्थ अमेरिका र भारतको मिल्यो । कसरी फाल्ने त ? कसरी ओली देउवालाई अपदस्त गर्ने त भन्ने सवालमा लामो गृहकार्यपछि नेपालमा सुशासन छैन, भ्रष्टाचारै भ्रष्टाचार छ भन्ने प्रचार सामाजिक सञ्जालबाट सुरु भयो । ओली, देउवा सत्ता पक्षलाई भ्रष्टाचारीको रुपमा चित्रित गराइयो ।

नेपाली जनतामा पनि त्यस्तै पऱ्यो । सबै सांसद भ्रष्टाचारी, सबै मन्त्री भ्रष्टाचारी र सबै जनप्रतिनिधि भ्रष्टाचारी भनेर आरोपित गरे । सामाजिक सञ्जाल फेसबुकहरु रंगिए । जो साँचो भ्रष्टाचारी थिए र हुन् नङ्ग्याउनु पर्छ नै, तर सबै त्यही घानमा परे ।

जनताबाट जनप्रतिनिधि र सरकारलाई नङ्ग्याउनु थियो, नङ्ग्याए ।

यही मौका छोपेर जेनजी नामबाट विद्रोह गराए । निर्दोष नानी बाबुको शान्तिपूर्ण जुलुससम्मलाई भड्काए, अभद्र क्रियाकलाप गराए । अभद्र क्रियाकलाप गराउनेहरुको नङको उचेरा पनि गएन ।

तत्कालीन सरकार यही विद्रोहबाट ढालियो । सुशीला कार्की अन्तरिम सरकारको प्रधानमन्त्रीको नेतृत्वमा भएको सरकारले फागुन २१ गते निर्वाचनको नाटक गऱ्यो । भ्रष्टाचारी भनेर नङ्ग्याइएका पार्टी र तिनका उम्मेदवारलाई जनताले मत दिएनन् । तर रवि लामिछानेजस्ता सहकारी ठगहरुले जिते । परिणाम त्यतै गयो । अहिले बालेनको नेतृत्वमा सरकार छ । सुशासन गर्छु भनेका छन् । गरुन् । गरेर देखाऊन् । तर प्रथम गास्रे मच्छेका भने झैं उनीहरुको गतिविधि आग्रहपूर्ण र प्रतिशोधपूर्ण छ भनेर एमाले र कांग्रेसहरुको नेतृत्वमा जनता सडकमा आइसकेका छन् ।

अन्त्यमा ! प्रिय मित्रहरु ! कौवाले कान लग्यो कसैले भन्यो भने आफ्नै कान छाम्नु पर्ने हो । तर आफ्नो कान नछाम्मी कौवाको पछाडि कुँधन थालेको देखियो । लहलहैमा जेनजी विद्रोह भयो । लहलहैमा चुनाव भयो । तपाईं मतदाताले ढिलै भए पनि अब भन्नुपर्नेछ-तिब्बती शरणार्थीलाई फिर्ता गर ! टिओबीधारी को हुन् ? लिम्पियाधुरा, लिपुलेक र कालापानीबारे बोल सरकार ! सरकारको दृष्टिकोण के हो ? अब मतदाताको बुझाइ के हो ? विदेशीहरु विशेषतः अमेरिका, इण्डिया सफल भए । मतदाता त्यसै मख्ख ।

# सरकारले तत्काल गर्नुपर्ने १५ काम

**ललित ढुंगाना**

बहुदलीय लोकतन्त्रमा बिरलै देख्न र सुन्न पाइने घटना अर्थात् एक युगमा एकपटक प्राप्त गरिने यति ठुलो जनमत कानुनी रूपले मात्र नभई जनता र राज्यकै अत्यन्त ठुलो नैतिक शक्ति हो । यो २१ फागुनमा सम्पन्न निर्वाचनमार्फत् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्राप्त गरेको जनताको अपार विश्वास हो । यसलाई रास्वपाले दीर्घकालसम्म कायम राख्न असाध्यै ठुला आर्थिक क्रान्ति र ऐतिहासिक कार्य गर्नुपर्ने चुनौती पनि छ । यति ठुलो जनमतका आधारमा बनेको बालेन्द्र शाह नेतृत्वको सरकारमाथि नेपाली जनताको अभूतपूर्व आशा र चासो छ । त्यसैले, अहिलेको शक्तिशाली सरकारले तत्काल गर्नुपर्ने केही कार्यलाई बुँदागत रूपमा यहाँ प्रस्तुत गरिएको छ :

१. आगामी पाँच वर्ष कम्तीमा सरकारी तवरबाट केन्द्र, प्रदेश र स्थानीय तहमा सवारी साधन खरिद नगर्ने निर्णय गर्ने । यसका लागि अहिले राज्यसँग भएका सम्पूर्ण मर्मत गरी सञ्चालन गर्ने र सकभर इन्धन खपत कम गर्न विद्युतीय सवारी साधनलाई प्राथमिकता दिने ।

२. सम्पूर्ण सवारी साधन तथा अन्य विद्युतीय उपकरण नेपालमै एसेम्बल गर्न कानुनी अप्ठ्यारा छन् भने सहज बनाई तत्काल निजी क्षेत्रसँग सहकार्य गरी सुरु गर्नुपर्ने ।

३. हजार र पाँच सय दरका नोटको नोटबन्दी गर्नुपर्ने । यसले बैंकिङ प्रणालीबाहिर रहेको र अवैध रूपमा लुकाएर राखिएको नगदका कारण अर्थतन्त्रमा पर्न गएको असर समाधान हुनेछ । साथै, तरलता बढ्नुका साथै भ्रष्टाचार गरी आर्जेको कालो धनको अन्त्य हुनेछ ।

४. भ्रष्टाचार अन्त्य गरी मुलुकमा सुशासन कायम गर्न निजामती प्रशासन, न्यायालय, विश्वविद्यालय, कलेज, विद्यालय, शिक्षक, प्राध्यापकलगायत सबैलाई राजनीतिबाट अलग गर्नुपर्छ । साथै, उनीहरूसँग जोडिएका सम्पूर्ण भ्रातृ संघ, संगठन तथा युनियन खारेज गरिनुपर्छ ।

५. कम्तीमा राज्यको तलब, भत्ता तथा सेवा सुविधा लिएर बसेका नागरिक तथा कर्मचारी (सेना, पुलिसलगायत) लाई नेपाली उत्पादनको अनिवार्य प्रयोग गर्न लगाउने ।

६. नेपाल सरकारको लगानीमा रहेका पुराना कलकारखाना तथा उद्योगधन्दालाई सुचारु गरी (पिपिपी) मोडेलमा सञ्चालन गर्ने । जनकपुर चुरोट कारखाना, बाँसबारी छालाजुत्ता कारखाना, विराटनगर जुट मिल, भृकुटी कागज कारखानालगायत सम्पूर्ण उद्योग तत्काल सञ्चालन गर्नुपर्ने ।

७. अर्थतन्त्रको वर्तमानको समस्या समाधानका लागि गैरआवासीय नेपालीको लगानी नेपाल भित्र्याउन पुँजीबजारमार्फत ल्याउन विद्यमान कानुनी जटिलतामा संशोधन गरी अघि बढ्नुपर्छ । पुँजीबजार अहिलेको हकमा सुरक्षित, पारदर्शी तथा भरपर्दो माध्यम भएको हुँदा विदेशमा बस्ने नेपालीलाई छिटो 'कन्भिन्स' गरी पुँजी नेपाल ल्याउने आधार तयार गर्न सकिन्छ । यसका लागि छिटोछरितो र सजिलो प्रक्रिया अवलम्बन गरी पारदर्शी ढंगले लगानीको वातावरण निर्माण गर्नुपर्छ ।

८. कृषि क्षेत्रमा सुधार गरी उत्पादन बढाउन हरेक स्थानीय निकायमा कृषिविज्ञ नियुक्तिसँगै माटो परीक्षण गरी कृषकलाई बिउबिजन निःशुल्क उपलब्ध गराई उत्पादनमा प्रोत्साहन गर्नुपर्छ । साथै, जमिन बाँझो जमिन राख्नेलाई जरिवाना गराउने अथवा स्थानीय निकायले जिम्मा लिएर आफैं खेती गरी बजार व्यवस्थापन, उचित मूल्य निर्धारण, उचित भण्डारण, सहुलियत ब्याजदरमा कृषकलाई कृषि कर्जा, आयोजनाका आधारमा कर्जा अनि बिमाको व्यवस्था र कृषि औजारको उपलब्धता सुनिश्चित गर्ने ।

९. नेपालका पूर्वाधार तथा ठुल्ठुला विकास निर्माणका परियोजना निर्माण तथा सञ्चालन गर्न नेपाली सेनालाई जिम्मेवारी दिने ।

१०. बाँझो जमिनमा स्थानीय सरकारको स्वीकृति लिएर गाँजा खेती गर्न वैधानिकता प्रदान गर्ने र त्यसका विभिन्न उत्पादन (औषधी, कपडा आदि) तयार गरी विदेश निर्यात गर्ने । साथै, नागरिकको बाँझो जमिन लिजमा लिएर अथवा कृषकलाई सहुलियत दिएर स्थानीय निकायसँग सहकार्य गरी कफी खेती गर्न पनि राज्यले सघाउनुपर्छ ।

११. विलासिताका सामग्रीको आयात एकदमै ठुलो मात्रामा कटौती गर्ने र नेपालमै उत्पादन गर्न जोड दिने । बच्चाका खेलौना, मेक अपका सामग्री, चकलेट, तासलगायतका वस्तु स्वदेशमै उत्पादन सुरु गर्न निजी क्षेत्रसित सहकार्य गर्ने ।

१२. मुलुकमा हालसम्म भएका सम्पूर्ण भ्रष्टाचार तथा कालोधनबारे छानबिन गर्न तत्काल शक्तिशाली आयोग गठन गरी दोषीलाई कानुनी दायरामा ल्याउने र नेपालको कानुन पालना नगरी अवैध रूपमा आर्जन गरेको सम्पत्ति तथा स्विस बैंकलगायत अन्तर्राष्ट्रिय संस्थामा राखिएका रकम मन्त्रिपरिषद्बाटै निर्णय गरी पूर्णरूपमा फिर्ता ल्याउन अन्तर्राष्ट्रिय पहलकदमी सुरु गर्ने । साथै, त्यस्तो सम्पत्ति जफत गरी मुलुक निर्माणमा लगानी गर्ने ।

१३. हाल भएका विभिन्न प्रकारका राजनीतिक दलका कार्यकर्ताको भर्ती केन्द्र बनेका आयोग तथा संस्था तत्काल खारेज गर्ने र स्वार्थ बाझिने क्षेत्रमा कार्यपालिका र न्यायपालिकाबिचको सम्बन्ध र क्षेत्राधिकारबारे पुनर्मूल्यांकन गरी सरकारी कामलाई प्रभावकारी बनाउने ।

१४. शिक्षा, स्वास्थ्य र आवासलाई अनिवार्य रूपले सरकारीकरण गर्ने र नागरिकलाई औद्योगीकरणमा लगाउने । शिक्षालाई उत्पादनमूलक, व्यावहारिक तथा जीवनोपयोगी बनाउन विद्यालय तहदेखि नै पाठ्यक्रम परिवर्तन गरी विद्यार्थीलाई सीप सिकाइ उत्पादनसित जोड्न सुरु गर्ने ।

१५. केन्द्रदेखि स्थानीय तहसम्मका सबै कामलाई डिजिटल प्रविधिबाट सञ्चालन गर्ने । अड्डा-अदालत, मालपोत, यातायात कार्यलयलगायत सम्पूर्ण सरकारी कार्यालयबाट प्रवाह हुने सेवा सुविधा नागरिकले घरमै बसिबसी प्राप्त गर्न मिल्ने प्रणाली बनाई मुलुकमा सुशासन कायम गर्ने ।

अहिले नेपाली नागरिकले तत्काल महसुस गर्न सक्ने नयाँ परिवर्तनसहितको विकास खोजेका छन् । त्यसैले बालेन नेतृत्वको नयाँ सरकारले मुलुकको काम गर्ने प्रणालीमै परिवर्तन गर्दै नागरिकलाई छिटो-छरितो ढंगले सेवा प्रवाह गर्नुपर्ने देखिन्छ । यस्ता सम्पूर्ण कार्यलाई अब बन्ने सरकारले अगाडि बढाएका खण्डमा आगामी दशक नेपालको अर्थतन्त्रमा सुनौलो क्रान्तिसहित परिवर्तनको दशक बन्नेछ । विकासको चरणमा नयाँ युगको थालनी हुनेछ र मुलुक औद्योगिक तथा आर्थिक विकासको तीव्र गतिमा अघि बढ्नेछ ।

नयाँ पत्रिकाबाट

# नेप्से परिसूचकमा ४५ अङ्कको सुधार

काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा बुधबार ४५ दशमलव १२ अङ्कले बढेर दुई हजार ८०२ दशमलव ५२ को बिन्दुमा कायम भएको छ । यो एक दशमलव ६३ प्रतिशतको वृद्धि हो ।

३४६ कम्पनीको एक करोड ८८ लाख १६ हजार ८०८ कित्ता शेयर ९८ हजार १६२ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ३१ करोड ८९ लाख आठ हजार ४४१ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै उत्पादन तथा प्रशोधन समूह तीन दशमलव ८७, होटल तथा पर्यटन दुई दशमलव ५६ र जलविद्युत् समूह दुई दशमलव ६१ प्रतिशतले बढेको छ ।

त्यस्तै, बैंकिङ एक दशमलव १६, विकास बैंक एक दशमलव ९८, वित्त एक दशमलव ४५, लगानी एक दशमलव ३५, जीवन बिमा एक दशमलव ३१, लघुवित्त एक दशमलव २८, जीवन बिमा एक दशमलव ०१, म्युचुअल फण्ड शून्य दशमलव ९९, व्यापार शून्य दशमलव ६१ र अन्य समूह एक दशमल १५ प्रतिशतले बढेको छ ।

# भूमे पूजाः देवतालाई खुसी बनाउन मोसो दल्ने परम्परालाई निरन्तरता



म्याग्दी (बेनी) । म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ चिमखोलामा भूमे पूजामा सयौँ वर्ष पुरानो परम्परा र संस्कृतिलाई निरन्तरता दिइएको छ। आधुनिकताको प्रभावले मौलिककला र संस्कृति हराएर जान थालेको अवस्थामा चिमखोलावासीले भने भूमे पूजामा हुने सांस्कृतिक पाटोलाई जीवन्त राखेका हुन् ।

हरेक वर्षको चैतको उजेली मङ्गलबारको दिन चिम खोलाको सेवाङ्ग धुरीमा रहेको भूमे थानमा विधिपूर्वक प्रकृति पूजाको रुपमा भूमे देवताको पूजाआजा गरेपछि स्थानीयले देवतालाई खुसी बनाउन मोसो, छ्याङका छोक्रा एकापसमा दलेर नाचगान गर्ने चलन रहीआएको रघुगङ्गा-७ का वडाध्यक्ष थकप्रसाद पाइजाले जानकारी दिए ।

'पुर्खादेखि नै चल्नै आएको परम्परा र मान्यता बमोजिम भूमे पूजा हुँदै आएको छ, अग्रजहरुले गर्दै आएको चलनलाई अहिले निरन्तरता दिइएको छ ।'-उनले भने । भूमे थानमा पुन थरका पुजारीले पूजा गराउने चलन छ भने पूजामा सहभागी हुन देश तथा विदेशमा रहेका चिमखोलावासीका साथै छिमेकी गाउँबाट ठूलो संख्यामा आन्तरिक पर्यटक पुग्ने गरेका छन् ।

मङ्गलबार सयौँको संख्यामा भूमे थानमा पुगेका स्थानीयवासीले पुरानो परम्परालाई निरन्तरता दिएर भूमे देवताको पूजा गरेका छन् । भूमे पूजामा सेदो भाकामा गीत गाएर देवीदेवतालाई पुकार्ने परम्परालाई निरन्तरता दिएको चिमखोलाका ८४ वर्षीय लबहादुर पुनले बताए । भूमे पूजामा विशेष महत्वका साथ गाइने सेदो भाकाको प्रस्तुतिका लागि यसवर्ष ज्येष्ठ नागरिक लबहादुर पुन र बहादुर तिलिजा समेत भूमे थान पुगेका थिए ।

भूमेलाई साँडको बली दिएर पूजा गरेपछि छेमा र पूजारीले राखेको जाँड चढाउने गरिन्छ । त्यसपछि जाँडको छ्याङ खाने र एकापसमा मोसो लगाएर नाचगानसहित रमाइलो गर्ने चलन छ । वनजङ्गल छेउछाउ बसोबास गर्ने भएकाले प्रकृतिलाई खुसी बनाएर कुनै प्राकृतिक प्रकोप र विपद् नहोस्, खेतीबाली राम्रो होस् भन्ने कामनाले भूमे पूजा गर्ने चलन रहेको स्थानीय ध्रुवकुमार पाइजाले बताए ।

गाउँभेलाबाट भूमे पूजाका लागि एक महिनाअघि नै छ्याङ बनाउने जाँड राख्न छेमा (महिला) छनोट गरेपछि उनीहरूले विभिन्न टोलमा छुट्टाछुट्टै समूह बनाएर प्रत्येक घरबाट कोदो, चामल र नगद सङ्कलन गरी कोदोको छ्याङ बनाउन जाँड राख्ने गर्छन् । छेमाहरुले एक महिनाअघि राखेको जाँडलाई भूमे थानमा विधिपूर्वक चढाएर खाने, सोही छ्याङ र खाना पकाउँदा अँगेनामा आउने अङ्गार एकअर्कालाई दलेर नाचगान गरी भूमे पूजा गर्ने चिमखोलामा चल्दै आएको परम्परा हो । भूमे थानमा मौलिक संस्कृतिअनुसार पूजा गरेपछि लोपोन्मुख अवस्थामा रहेको पुर्ख्यौली सेदो गीत गाउँदै थान परिसरमा भान्सा चलाएका सबै चुला फन्को मारेर चुला उठाउने गरिन्छ । भूमे थानबाट गाउँ फर्कने क्रममा पञ्चेबाजा रसेदो भाकाका साथै भैच मायाले (साइलो भाका) मा दोहोरी गाउँदै नाचगान गरिन्छ ।

यसरी गाउँ फर्कदा स्थानीय मण्डली युवा क्लबले ज्येष्ठ नागरिक, समाजसेवी, जनप्रतिनिधि र अगुवालाई काँधमा बोकेर सम्मानसहित गाउँमा पुऱ्याउने गर्दछन् भने हिमालयन आमा समूहले फूलमालाले स्वागत गर्छन् । भूमे पूजाको अवसरमा चिम खोलामा परम्परागत रुपमा मेला लाग्दै आएको छ ।

मेलामा टोपा नाच प्रदर्शनसँगै सरमाजाले जुरेचल्ला, दुलहादुलहीको कलस जुँधाउने नाचसँगै थाली नाचलगायत मौलिककला र संस्कृति देखाउने चलन छ । भूमे पूजाको दिनमा चिम खोलाको मण्डली र ताप्केभेरा थानमासमेत विशेष पूजा गरिएको छ । भाकल र मनोआकांक्षा पूरा हुने जनविश्वासले मण्डली थानमा विभिन्न ठाउँबाट भाकल गरेर पूजा गर्न आउने भक्तजन बढ्दै गएका छन् ।

# उम्मेदवार ढकाल मतदातालाई धन्यवाद दिँदै



**प्रकाश डोटेल**
*स्याङ्जा*

गएको फागुन २१ मा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ मा नेपाली काँग्रेसका तर्फबाट स्याङ्जा क्षेत्र नं.-१ मा उम्मेदवार बनेका भरतराज ढकालले मतदाताहरुलाई मतदान गरेकोमा धन्यवाद र नयाँ वर्ष २०८३ को शुभकामना दिदै भेटघाटलाई तीव्रता दिएका छन् ।

निर्वाचन क्षेत्रका ५२ वटा वडामध्ये अधिकांश वडामा पुगेका उम्मेदवार ढकालले मतदातालाई मतदान गरेकोमा धन्यवाद दिएका छन् भने आउँदै गरेको नयाँ वर्षको शुभकामना व्यक्त गरेका छन् । चुनावी प्रचारका क्रममा गरेको प्रतिबद्धता र नागरिकले भोग्दै आएको समस्यालाई निराकरण गर्न सबै पक्षसँग हातेमालो गर्ने उम्मेदवार ढकालले भेटघाटमा दोहोऱ्याएका छन् ।

'चुनावी प्रचार-प्रसारका क्रममा भएका भेटघाटमा नागरिकबाट व्यक्त गरिएका समस्या धेरै छन्,' ढकालले भने- 'धन्यवाद स्वरुप भएका भेटघाटमा देखाइएका समस्या समाधानमा आफ्नो तर्फबाट सबै पक्षसँग हातेमालो गर्नेछु ।' चुनावी हारजित एउटा प्रक्रिया हो, जनताको समस्या समाधान गर्नु आफ्नो दायित्व भएको ढकालले जनाए ।

'स्याङ्जा क्षेत्र नं.-१ मा भूगोलका आधारमा समस्याहरु फरक-फरक पाइएको छ,' उनले भने-'विकास निर्माणका योजनाहरुमध्ये साना योजनालाई स्थानीय सरकार, मझौला विकास निर्माणमा प्रदेश सरकार र ठूला विकास आयोजनालाई राष्ट्रिय योजना आयोग र संघीय सरकारसँग सम्बाद र सहकार्य गरेर समाधान गर्न हातेमालो गर्छु ।'

'भूगालेका आधारमा हामीसँग वातावरणीय रुपमा पनि अथाहा सम्भावना छ,' मुक्तिनाथ कृषि कम्पनीका संस्थापक अध्यक्ष समेत रहेका ढकालले भने-'स्थानीय नागरिकको दक्षता र क्षमताअनुसार कृषिजन्य उत्पादनमा जोडिएर सीपको प्रयोगबाट स्वरोजगार बनाउने आफ्नो अभियानलाई निरन्तर अगाडि बढाउँछु ।' प्रत्येक नागरिकलाई उत्पादन र आर्थिक उपार्जनसँग जोड्न आवश्यक रहेको समेत उनले भेटघाटका क्रममा बताउने गरेका छन् ।

मतदातालाई धन्यवाद र शुभकामना दिन भेटघाटलाई तीव्रता दिएका काँग्रेस उम्मेदवार ढकालले चुनावी परिणामले सानो आकारामा खुम्चिएको काँग्रेस भए पनि काँग्रेस बिना लोकतन्त्र कमजोर हुने सुनाएका छन् । काँग्रेस सभापति गगन थापाको नेतृत्वमै काँग्रेसको पुस्तान्तरण र देशको रुपान्तरण सम्भब भएको उनले बताए ।

काँग्रेसमा व्यक्ति खराब भए पनि पार्टीको नीति र सिद्धान्त उत्कृष्ट रहेको विचार अभिव्यक्ति दिँदै आएका ढकालले काँग्रेसमा अग्रज र पुरानालाई सम्मान तथा युवा र नयाँलाई अवसरको सृजना गर्नु राम्रो हुने जिकिर गरे ।

काँग्रेसमा देखिएको समस्या समाधान सम्वादबाटै हल गर्न उनले नेताहरुलाई सुझाए ।

फागुन २१ मा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा स्याङ्जा क्षेत्र नं.-१ बाट राष्ट्रिय स्वतन्त्र पार्टीका धनञ्जय रेग्मीले २९ हजार ७१ मत प्राप्त गर्दै विजयी भएका थिए । नेपाली काँग्रेसबाट उम्मेदवार बनेका भरतराज ढकालले १८ हजार ८५७ मत ल्याउँदा नेकपा एमालेका मिनप्रसाद गुरुङले १६ हजार ८०४ मत मात्रै ल्याएका थिए। रेग्मीको विजयलाई स्थानीय मतदाताले राष्ट्रिय माहोलसँग जोडेर हेर्ने गरेका छन् ।

# सडक पुगेपछि सहज बन्यो गाउँलेको दैनिकी



चितवन । घरसम्मै गाडी पुगेपछि यहाँको इच्छाकामना गाउँपालिका-२ घुर्केसकी विसु गुरुङको दैनिकी फेरिएको छ। पहिले जस्तो पैदल हिँडेर बजार जानु पर्दैन । गाडीमा जान आउन पाएपछि घरको काम गर्ने समय नै बचत भएको उनी बताउँछिन् ।

स्थानीय स्वास्थ्य संस्थामा कार्यरत गुरुङले सडक सञ्जालले गाउँलेको जीवन फेरिएको बताइन् । पृथ्वी राजमार्ग र नारायणगढ-मुग्लिन सडकखण्ड आसपास बाहेक इच्छाकामनाका अधिकांश भूगोल पहाडी क्षेत्रमा पर्दछ । यहाँ बहुसंख्यक जनजाति बसोबास गर्दछन्, जसमा ३७ प्रतिशत चेपाङ छन् । कुल जनसंख्याको ७५ प्रतिशत जनजातिको बसोबास छ ।

इच्छाकामना-२ का अध्यक्ष पञ्चबहादुर चेपाङ गाउँगाउँमा सडक, विद्युत्, खानेपानी पुगेपछि बसाइँ सर्ने क्रम घटेको बताउँछन् । उनका अनुसार सडक सञ्जालले छोएसँगै यहाँ उत्पादित कृषिजन्य उत्पादन सहजै बजारसम्म पुऱ्याउन पाएका छन् ।

घरमै मोटरसाइकल पुग्ने भएपछि बजारमा काम गर्नेहरु पनि बिहान बेलुका घरबाटै धाउन थालेका छन् । गाउँपालिकाको पहाडी भू-भाग हुँदै शक्तिखोर-फिस्लिङ सडक बनेको छ । इच्छाकामना गाउँपालिका-२, ३ र ७ वडा हुँदै जाने सो सडक ३५ किलोमिटर लामो छ । यो सडकसँगै नारायणगढ-मुग्लिन र पृथ्वी राजमार्गसँग यहाँका भित्री सडक जोडिएका छन् ।

गाउँपालिका, बागमती प्रदेश सरकार र सङ्घीय सरकारका आयोजनाका कारण सडक र पुल बनेपछि गाउँलाई सहरसँग जोड्न सकिएको इच्छाकामना गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङ बताउँछन् । इच्छाकामनामा मात्र तीन तहले बनाएका सडकको लम्बाइ ४०० किलोमिटरभन्दा बढी छ ।

उनले भने-"सबै टोलमा सडक पुगेको छ । जसले यहाँका नागरिकको जीवन फेरिएको छ । गाउँपालिकाले विकास बजेटको ४० प्रतिशतभन्दा बढी सडक र पुलमा खर्च गर्ने गर्छ", गुरुङले भने-"सडक पुगेपछि बसाइँ सर्नेक्रम कम भएको छ ।" यहाँबाट एक वर्षमा नौ करोड रुपैयाँ हाराहारीको सुन्तला बिक्री हुने गरेको उनले जानकारी दिए ।

गाउँपालिकाले तरकारी बोक्न कृषि एम्बुलेन्स सञ्चालनमा ल्याएको छ । सुन्तलाभन्दा बढी तरकारीबाट किसानले आम्दानी गर्ने गरेका छन् । खसी, बोका, कुखुरा मात्रै वार्षिक एक करोड रुपैयाँभन्दा बढीको बिक्री हुने गरेको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्र बस्नेत सडक सञ्जालले इच्छाकामनाका सबै गाउँ छोएपछि यहाँको पर्यटकीय क्षेत्रको विकासमा पनि टेवा पुगेको बताउँछन् ।

धार्मिक महत्व बोक्ने मठमन्दिर, महत्वपूर्ण किल्ला उपरदाङगढी, जिल्लाकै सबैभन्दा अग्लो भू-भाग सिराइचुली जस्ता क्षेत्रमा सडक सञ्जाल पुगेपछि आन्तरिक पर्यटकसमेत बढेको बस्नेत बताउँछन् ।

# सञ्जीवनी अस्पतालमा 'आमा सुरक्षा कार्यक्रम'




राँझा (बाँके) । नेपालगञ्जमा निजी क्षेत्रबाट सञ्चालित सञ्जीवनी अस्पतालमा मङ्गलबारदेखि 'आमा सुरक्षा कार्यक्रम' सुरु गरिएको छ ।

मातृ तथा शिशु स्वास्थ्यलाई प्राथमिकता दिँदै अस्पतालले 'आमा सुरक्षा कार्यक्रम' सञ्चालनमा ल्याएको अस्पतालका प्रबन्ध निर्देशक सन्तोषकुमार खनालले बताए । यस कार्यक्रमले विशेषगरी आर्थिक रूपमा कमजोर तथा सेवा पहुँचमा समस्या भएका नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने उनले उल्लेख गरे ।

अस्पतालले 'आमा सुरक्षा कार्यक्रम' मार्फत् गर्भावस्थादेखि सुत्केरीपछिको अवस्थासम्म आवश्यक सम्पूर्ण स्वास्थ्य सेवा एकै स्थानबाट उपलब्ध गराउने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. रोमन किदवाईले जानकारी दिए।

जोखिमयुक्त गर्भावस्थाको निःशुल्क पहिचान, समयमै उपचार तथा सुरक्षित प्रसूति सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्ने उनको भनाइ छ । निजी अस्पतालमा आमा सुरक्षा कार्यक्रम नहुँदा सरकारी भेरी अस्पतालले त्यसको भार खेप्दै आएको थियो ।

सङ्घीय सरकारले एक वर्षअघि अनुदान रोकेपछि आमा सुरक्षा कार्यक्रम स्थगित भएको थियो । भेरीमा अत्यधिक चाप बढेपछि सरकारले फेरि नेपालगञ्ज उप-महानगरपालिकामार्फत् सञ्जीवनीलाई अनुदान दिएको हो ।

अब सञ्जीवनी अस्पतालमा आमा सुरक्षा कार्यक्रम सुरु भएपछि यसले सेवाग्राहीलाई ठूलो लाभ पुग्ने नेपालगञ्ज उप-महानगरपालिकाका प्रमुख प्रशान्त विष्टले बताए । नगरप्रमुख विष्टले आमा सुरक्षा कार्यक्रम सुरु भएपछि बाँकेमा मातृ शिशु मृत्युदरमा सुधार हुने विश्वास व्यक्त गरे ।

---

**देउवा...**

'आदरणीय दाजुभाई, दिदी बहिनी तथा साथीहरु,

म र मेरो परिवारका बारेमा सम्पत्ति शुद्धिकरण सम्बन्धि अनुसन्धान सुरु गरिएको भन्ने जानकारी सञ्चारमाध्यमबाट थाहा पाएँ ।

म र मेरो परिवारका बारेमा सम्पत्ति सम्बन्धि विषयमा भ्रामक र झुटा प्रचारबाजी भएको जानकारी गराउन चाहन्छु ।

नेपालको कानुनअनुसार हामीले सार्वजनिक पदमा रहँदा हाम्रो सम्पत्तिको यथार्थ विवरण सम्बन्धित सरकारी निकायमा पेश गरेको अवगत गराउन चाहन्छु ।

देशमा लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना, विधिको शासन, स्वतन्त्र न्यायापालिका, पारदर्शीतासँगै राज्यका अंगहरु स्वतन्त्र र सक्षम हुनुपर्दछ भन्ने मान्यताका लागि मैले सिंगो जीवन संघर्षमै व्यथित गरेको हुँ ।

मेरो जीवन एउटा खुल्ला पुस्तकका रुपमा रहेको छ । भ्रष्टाचारमुक्त समाज निर्माण गर्दै सुशासन र पारदर्शीता कायम गर्न म गृहमन्त्री हुँदा मेरै अग्रसरतामा २०४८ सालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र मेरै प्रधानमन्त्रीत्व कार्यकालमा भ्रष्टाचार निवारण ऐन २०५९ लागू भएको सर्वविदित नै छ ।

स्वास्थ्य उपचारका निम्ति हाल हामी विदेशमा छौं र अझै उपचारको क्रम जारी रहेको जानकारी गराउन चाहन्छु ।

वास्तविकता समयक्रमसँगै खुल्दै जाने नै छ । अतिरञ्जना गरी सार्वजिनक भएका विवरणहरुबाट भ्रममा नपर्न सबैमा अपिल गर्दछु । जय नेपाल ।'


## सूचना । सूचना ।। सूचना ।।।

मिति २०८२।१२।२५

**विषयः कोटेशन आव्हान सम्बन्धमा ।**

**सरावल गाउँपालिकाबाट विनियोजीत आ.व. २०८२/०८३ को बजेटबाट वसन्त हरियाली सामुदायिक वन उपभोक्ता समूहको कार्यक्षेत्र भित्र शिमेसार निर्माणका लागि एक्साभेटरको प्रति घण्टा दररेटको कोटेशनका लागि सम्बन्धीत कम्पनीहरुलाई सूचित गरिन्छ । साथै योग्य कम्पनीहरुले आजका मितिबाट पन्ध्र दिन भित्र कोटेशन पेश गर्नुहुन आव्हान गरिन्छ ।**

**बसन्त हरियाली सामुदायिक वन उपभोक्ता समूह**
**सरावल-१, नवलपरासी ब.सु.प.**
**सम्पर्क : ९८५७०४५२१५, ९८५७०८०२५६**



## सुर्केडाँडी सामुदायिक वन उपभोक्ता समूह
**ऐरावती गा.पा. ६ प्यूठान**

## काठ दाउरा लिलाम विक्री सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८२ । १२ । २६

डिभिजन वन कार्यालय, प्यूठानको च.न. ८०७ मिति २०८२/१०/२२ गतेको बिक्री सहमति अनुसार यस समूहको घाटगद्दीमा भएको खयर जातका ६१३ थान गोलियाको ५५१।३४ क्यू. फिट काठ लाई १ वटा लट कायम गरि घाटगद्धिमा जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गर्नु परेकोले इच्छुक तथा रित पुगेका काष्ठ व्यवसायीले तोकिएको स्थान र निकायबाट २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनमा दिउसोको ३:०० बजे भित्र बोलपत्र खरिद गरिएकै स्थान र निकायमा सिलबन्दी बोलपत्र दाखिला गर्न सूचित गरिन्छ । यसको विस्तृत सूचना उपभोक्ता समूह, डिभिजन वन कार्यालय प्यूठानको सूचना पाटी तथा Website: https://dfopyuthan.lumbini.gov.np तथा अन्य डिजिटल माध्यम बाट समेत लीन सकिने व्यहोरा जानकारी गराइन्छ ।

**अध्यक्ष**



## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।**

- **ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।**
- **लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।**

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

**सम्पर्कः**
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



## ट्वाइलेट सफा गराउनुहोस्

**सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?**
**हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।**
**क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार**



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।**

**सम्पर्कः**
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**



**ढोरपाटनमा हिमपात:**
नेपालको एकमात्र सिकार आरक्ष क्षेत्र रहेको बागलुङको ढोरपाटन सिकार आरक्षमा मङ्गलबार परेको हिमपात । तस्विरः सामाजिक सञ्जाल

# परिवार नियोजन र प्रजनन् स्वास्थ्य सेवा प्रभावकारी बन्दै



कृष्ण पोखरेल

*पाल्पा*

पाल्पामा परिवार नियोजन र प्रजनन् स्वास्थ्य सेवा प्रभावकारी बन्दै गएको छ । वि.सं. २०५४ सालदेखि परिवार नियोजन शाखा पाल्पाले परिवार नियोजन तथा प्रजनन् स्वास्थ्य सेवाको युवा लक्षित आधुनिक सेवा र पहुँच विस्तारमा फड्को मारेको छ। शाखाले सञ्चालन गरेको पछिल्लो सेवा यौनिक अल्पसंख्यक तथा यौन व्यवसायीलाई लक्षित गरेर एचआइभी एड्स जोखिमबाट बचाउन सञ्चालन गरेको प्रेप औषधी कार्यक्रम प्रभावकारी बन्दै गएको छ । हालसम्म संघबाट पाल्पा, रुपन्देही, नवलपरासी क्षेत्रबाट ३ सय ४४ जनाले प्रेप औषधीको नियमित सेवन गर्दै आएका छन् । जसमा अधिकांश यौनकर्मीहरु रहेको शाखा प्रवन्धक सोवाकान्त न्यौपानेले बताए ।

संघले तानसेनमा पत्रकार तथा सरोकारवालासँग अर्धवार्षिक रुपमा गरेका गतिविधिहरुको समीक्षा तथा अन्तर्क्रिया गरेको छ । शाखाले माथागढीको कसेनी र बगनासकालीको बराङ्गदीमा साप्ताहिक क्लिनिक सञ्चालन गरिरहेको जनाएको छ । पाल्पा शाखाले तानसेन नगरपालिका, रिब्दीकोट र बगनासकाली गाउँपालिकाहरूसँगको समन्वयमा समुदायस्तरमै प्रजनन् स्वास्थ्य स्वयंसेविका र परामर्शदाता परिचालन गरी काम गर्दै आएको छ।

शाखाले आधुनिक परिवार नियोजनका साधन वितरण, १२ हप्तासम्मको सुरक्षित गर्भपतन, किशोर-किशोरीमैत्री परामर्श सेवालाई प्राथमिकता दिएको शाखा कोषाध्यक्ष माधव अर्यालले बताए । सन् २०२४ र २०२५ को तथ्याङ्क हेर्दा संघको सेवा लिनेको संख्या उत्साहजनक रहेको छ । सन् २०२४ मा जम्मा ८०५ जनाले सुरक्षित गर्भपतन सेवा लिएकोमा सन् २०२५ मा ३६५ जनाले यो सेवा लिएका छन् । संघले पाठेघरको मुखको क्यान्सर परीक्षण र बाझोपनसम्बन्धी उपचारमा पनि विशेष अभियान सञ्चालन गर्दै आएको शाखा सभापती सुशिलराज शाक्यले जानकारी दिए ।

संघद्वारा प्राप्त तथ्याङ्कअनुसार सन् २०२४ मा कुल ९८,२८२ महिला, २२,६०४ पुरुष र ७० अन्य लिङ्गीलाई विभिन्न सेवा प्रदान गरिएको थियो । सन् २०२५ मा ७३,४७२ महिला, १५,२३० पुरुष र २३३ अन्य लिङ्गीले सेवा लिएका छन् ।

विगत दुई वर्षमा परिवार नियोजन सेवा लिनेको संख्या ३८,०६६ पुगेको छ भने स्त्रीरोग सम्बन्धी सेवा ५४,८५६ जनाले लिएका छन् । यसैगरी, एचआईभी/एड्स, यौनजन्य रोग र मूत्रप्रणाली सम्बन्धी समस्यामा पनि संघले उपचार तथा परामर्श दिँदै आएको छ ।

पाल्पा शाखाले आगामी वर्ष तानसेन नगरपालिकाको वडा नं. ६ मा सामुदायिक स्वास्थ्य केन्द्रमा 'ख' वर्गको एम्बुलेन्स सेवा सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुगेको छ । विशेषज्ञ चिकित्सकहरूबाट कार्यालयमै स्त्रीरोग र सुरक्षित गर्भपतन सेवा थप विस्तार गर्न बिहान र बेलुकाको सिफ्टमा समेत 'विशेष सेवा काउन्टर' सञ्चालन गर्ने योजना शाखाको रहेको शाखा प्रवन्धक सोवाकान्त न्यौपानेले जानकारी दिए ।

अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न र सीमान्तकृत समुदायका लागि घरदैलोमै पुगेर एकीकृत प्रजनन् स्वास्थ्य सेवा प्रदान गर्ने कार्यलाई संघले आफ्नो मुख्य उपलब्धि मानेको छ । विद्यालय तथा कलेजहरूमा व्यापक यौनिकता शिक्षाको विस्तार र स्थानीय सरकारहरूसँगको बजेट विनियोजनमा समन्वय गरी सेवालाई अझै दिगो बनाउने लक्ष्य संघले लिएको छ । कार्यक्रमका जिल्ला समन्वय समिति पाल्पाका उप-प्रमुख काशिका गैरे, स्वास्थ्य कार्यालय पाल्पाका निमित्त प्रमुख टुकप्रसाद पोखरेल, पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष मुक्ति न्यौपानेलगायतले परिवार नियोजन संघले परिवार स्वास्थ्यको बारेमा गरेका कामहरुको बारेमा चर्चा गरेका थिए । शाखा सभापति सुशिलराज शाक्यको सभापतित्वमा भएको कार्यक्रममा कोषाध्यक्ष माधव अर्यालको स्वागत र युवा साथी शिक्षक ओमी बैदाली मगरको सञ्चालनमा भएको थियो ।

# मुख्यमन्त्री कप लुम्बिनी प्रदेशस्तरीय भलिबल सुरु

देउखुरी । प्रदेश खेलकुद परिषद् लुम्बिनी प्रदेशको आयोजनामा दाङको घोराहीमा मुख्यमन्त्री कप लुम्बिनी प्रदेशस्तरीय पुरुष तथा महिला भलिबल प्रतियोगिता सुरु भएको छ ।

प्रतियोगिताको उद्घाटन गर्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले खेलले मानिसलाई अनुशासित बनाउने बताए । खेलाडीको योगदानले देशको शिर उँचो बनाउनुका साथै खेलकुदले व्यक्तिलाई आत्मअनुशासित बनाउने उनले उल्लेख गरे ।

प्रतियोगितामा लुम्बिनी प्रदेशका १२ जिल्लाका महिला तथा पुरुष खेलाडी सहभागी छन् । प्रतियोगिताको विजेताले रु एक लाख, द्वितीय हुनेले रु ६५ हजार, तृतीयले रु ३५ हजार र सान्त्वना हुने टोलीले रु १५ हजारसहित प्रमाणपत्र पाउनेछन् ।

उत्कृष्ट खेलाडीलाई रु १० हजार तथा उत्कृष्ट पाँच विधाका खेलाडीलाई जनही रु पाँच हजार नगदसहित पुरस्कृत गरिनेछ । उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख नित्यानन्द शर्मा, घोराही उप-महानगरपालिकाका उप-प्रमुख हुमाकुमारी डिसी, प्रदेश खेलकुद परिषद्का सदस्य सचिव तिरणदास गौतम, प्रदेश खेलकुद परिषद्का कोषाध्यक्ष मुक्तिप्रसाद न्यौपानेलगायत सहभागी रहेका थिए ।

# संविधान संशोधनमा कांग्रेसले खोज्यो प्रष्टता

बुटवल । नेपाली कांग्रेसले संविधान संशोधनको बहसपत्र तयार गर्न सरकारले गठन गरेको कार्यदलमा सदस्य पठाउनुअघि चार बुँदेमा प्रस्टता खोजेको छ ।

कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले बुधबार पार्टीका तर्फबाट प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्र पठाउँदै चार बुँदासहित सरकार प्रस्टता खोजेका छन् ।

यद्यपि कांग्रेसले सरकारकातर्फबाट संविधान संशोधनको बहस सुरु गरिएको र बहसका लागि आफूलाई पत्राचार गरेकामा स्वागत गरेको छ । संविधान जारी भएको १० वर्ष पुगिसकेको अवस्थामा नागरिकको भावना र आवश्यकताअनुसार यसलाई समयानुकूल संशोधन, परिमार्जन र अद्यावधिक गर्दै लैजानु स्वाभाविक लोकतान्त्रिक प्रक्रिया भएको पनि कांग्रेसको मत छ ।

'यद्यपि, यस कार्यदलमा नेपाली कांग्रेसको तर्फबाट प्रतिनिधि मनोनयन गर्नु अगाडि कार्यदलको विधि, कार्यक्षेत्र तथा विषयवस्तुलगायतका केही विषयमा स्पष्ट हुन आवश्यक देखिएको छ,' पत्रमा भनिएको छ-'यो स्पष्टताले कार्यदललाई नै आफ्नो कार्यसम्पादन गर्न मद्दत पुग्नेछ र संविधान संशोधनका सन्दर्भमा थप प्रष्टता एवं अपनत्व बढ्नेछ ।'

यसअघि सरकारले संविधान संशोधनको बहसपत्र तयार गर्न प्रधानमन्त्री कार्यालय मातहत रहनेगरी असिम शाहको नेतृत्वमा कार्यदल गठन गरेको थियो ।

# अन्तर रोटरी-रोट्र्याक्ट भलिबलको तयारी पूरा



बुटवल। रोट्र्याक्ट क्लब अफ बुटवल साउथको आयोजनामा बुटवलमा रोटरी र रोट्र्याक्ट क्लबहरु बिचमा भलिबल प्रतियोगिता हुने भएको छ । स्वर्गीय कमलराज पाठकको स्मृतिमा चैत २७ र २८ गते १३औं संस्करणको अन्तर क्लबस्तरीय भलिबल प्रतियोगिता हुन लागेको बुधबार बुटवलमा पत्रकार सम्मेलन गरी जानकारी गराइएको हो ।

प्रतियोगिताको सबै तयारी पूरा भएको आयोजक क्लबका कावा अध्यक्ष सुलभ घिमिरेले बताए । देवीनगरस्थित न्यू होराइजन स्पोर्टस् क्लबको कोर्टमा हुने प्रतियोगितामा यस क्षेत्रका रोटरी, रोट्र्याक्ट गरी डेढ दर्जन क्लबहरुले भाग लिने उनले बताए। स्वर्गीय पाठकको परिवारबाट स्थापना गरिएको ५ लाख रुपैयाँको अक्षयकोषको ब्याज र नाम दर्ता शुल्कबाट प्रतियोगिता आयोजना गरिने उनले बताए ।

प्रतियोगिताको उपाधि विजेता टिमले रनिङशिल्ड, मेडल, प्रमाणपत्र तथा उपविजेता टिम तथा उत्कृष्ट खेलाडीहरुलाई समेत पुरस्कृत गरिने खेल संयोजक रोशनी भण्डारीले बताइन् ।

क्लबको सिग्नेचर प्रोजेक्टका रुपमा प्रतियोगिता रहेको उनले बताइन् । प्रतियोगितामा १२ रोट्र्याक्ट र ५ रोटरी क्लब सहभागी रहने उनले जनाइन् । प्रतियोगिता आयोजना गर्न करीब डेढ लाख रुपैयाँ खर्च लाग्ने उनले जानकारी दिइन् ।

# उद्योगीका गुनासा र चुनौतीबारे अन्तरसंवाद सुरु



बुटवल । रूपन्देही उद्योग संघले समस्यामा परेका उद्योगहरूको स्थलगत भ्रमण गर्दै उद्योगीका गुनासा र चुनौतीबारे अन्तरसंवाद सुरु गरेको छ । उद्योग क्षेत्रमा देखिएका कच्चा पदार्थको अभाव, बढ्दो मूल्यवृद्धि, निर्यातमा जटिलता, पटक-पटक विद्युत् लाइन काटिने समस्यालगायतका विषयमा संघले उद्योगीहरूसँग प्रत्यक्ष छलफल थालेको हो ।

संघले अभियानको सुरुआत रूपन्देहीको मैनहियामा सञ्चालित नेपालकै सबैभन्दा ठूलो र एक मात्र फ्रेन्च फ्राइ उत्पादक उद्योग 'फस्ट च्वाइस फुड्स प्रा.लि.' को अवलोकन गरेको छ। संघका पदाधिकारीहरूले उद्योगको उत्पादन प्रक्रिया, कच्चा पदार्थ आपूर्ति, निर्यात अवस्था तथा सञ्चालनमा देखिएका समस्याबारे जानकारी लिएको हो ।

संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले उद्योग सञ्चालनमा देखिएका नीतिगत समस्याका विषयमा संघले निरन्तर पैरवी गर्दै आएको बताए । उनले नेपाल उद्योग परिसंघको सहकार्यमा समस्या समाधानका लागि संघले पहल गर्ने प्रतिबद्धता जनाए । अध्यक्ष पराजुलीले उद्योगीहरूलाई आफ्नो समस्या संस्थागत रूपमा संघमा जानकारी गराउन आग्रह गर्दै अधिकांश उद्योगका समस्या समान प्रकृतिका भएकाले सामूहिक रूपमा समाधान खोज्नुपर्नेमा जोड दिए ।

संघका महासचिव सुमन बस्यालले उद्योगीहरूको समस्या समाधानका लागि संघले अभियानकै रूपमा उद्योग भ्रमण सुरु गरेको बताए । विशेषगरी निर्यातजन्य उद्योगहरूले भोगिरहेका नीतिगत समस्या समाधानका लागि संघले संस्थागत पहल गर्ने उनले उल्लेख गरे । उद्योग क्षेत्रलाई चलायमान बनाउन सरकार र निजी क्षेत्रबीच समन्वय आवश्यक रहेको उनको भनाइ थियो ।

उद्योगका सञ्चालक कृष्णप्रसाद पौडेलले आयात प्रतिस्थापन गर्दै निर्यातमुखी उत्पादन गर्ने लक्ष्यसहित उद्योग सञ्चालन गरिएको बताए । उनले उद्योगमा हालसम्म दुई अर्ब रुपैयाँभन्दा बढी लगानी भइसकेको जानकारी दिए । निर्यातमा कानुनी जटिलता रहेको उल्लेख गर्दै उनले आलु उत्पादन वृद्धि गर्न सरकारी नीति कमजोर रहेको गुनासो गरे । उद्योगले किसानलाई बजारको ग्यारेन्टी दिन बजार मूल्यभन्दा बढी मूल्यमा आलु खरिद गरिरहेको समेत उनले जनाए ।

उद्योगका प्रबन्धक लक्ष्मी पौडेलले विश्व बजारमा प्रवेश गरेपछि उत्पादनको सम्भावना बढेको बताइन् । तर, निर्यातमा देखिएका कानुनी जटिलता सहज बनाउनु पर्नेमा उनले जोड दिइन् ।

खुल्ला सिमानाका कारण कम गुणस्तरका भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्नुपर्दा समस्या भएकाले सम्बन्धित निकायको ध्यान जानुपर्ने उनले बताइन् । रूपन्देही क्षेत्र आलु उत्पादनका लागि निकै उपयुक्त माटो रहेको उल्लेख गर्दै किसानलाई बजारको ग्यारेन्टीबारे थप जानकारी गराउन आवश्यक रहेको समेत उनले उल्लेख गरिन् । ठूलो परिमाणमा उत्पादन वृद्धि गर्न किसान, उद्योग र सरकारबिच सहकार्य आवश्यक रहेको उनको भनाइ थियो । गुणस्तरलाई विशेष ध्यान दिँदै उद्योग सञ्चालन गरिएको बताउँदै उनले कृषक, उद्योग र राज्यको सामूहिक प्रयास अपरिहार्य रहेकोमा जोड दिइन् ।

# नेपालगञ्जमा सडक क्षेत्रका अवैध संरचना हटाइँदै



नेपालगञ्ज । नेपालगञ्जको मुख्य सडक क्षेत्रमा फुटपाथ निर्माण गर्न अवैध रूपमा निर्माण गरिएका संरचना हटाउन थालिएको छ। सुर्खेत रोडस्थित धम्बोझी चोकदेखि कारकाँदो चोकसम्म नालीको किनारबाट दुई मिटर फुटपाथ निर्माण गरी वृक्षरोपणसमेत गर्ने योजनाअनुरूप सो काम अघि बढाइएको हो ।

नेपालगञ्ज उप-महानगरपालिकाले फुटपाथ अतिक्रमण गरी बनाइएका अवैध संरचना हटाउन नेपालगञ्ज उप-महानगरपालिकाले त्यस क्षेत्रमा डोजर चलाएको छ । अवैध संरचना हटाउन सूचना निकालेर तोकता गरे पनि अटेर गरिएपछि डोजर चलाएर संरचना हटाउन थालिएको नगर प्रमुख प्रशान्त विष्टले जानकारी दिए । नगरस्तरीय तथा प्रवर्द्धनात्मक कार्यक्रमअन्तर्गत धम्बोझी चोकदेखि कारकाँदो चोकसम्म र आयलनिगम चोकदेखि सरोजनी अस्पताल हुँदै राँझा चोक जाने बाटोमा दुई मिटर चौडा फुटपाथ निर्माण तथा वृक्षरोपण गर्ने योजना रहेको उनले बताए ।

रु दुई करोड १५ लाखमा ठेक्का खोलेकामा गाउँले कन्स्ट्रक्सन र पञ्चदेवी निर्माण सेवा र ए एण्ड ए कन्स्ट्रक्सन जेभीले रु दुई करोड सात लाख ९९ हजार २११ मा भएको ठेक्का सम्झौता गरी फुटपाथ निर्माण थालेको उप-महानगरपालिकाका वरिष्ठ इञ्जिनियर भूपेन्द्र बोहराले जानकारी दिए । सम्झौता अवधि असार २० गतेसम्म छ । तीन सय ९० मिटर विमानस्थल आयल निगमदेखि दक्षिण र २२०० मिटर धम्बोझीदेखि कारकाँदोसम्म नालीको किनारबाट दुई मिटर फुटपाथ निर्माण गरिने उनले बताए ।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com